# <u>सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना</u>

## सूचना प्रकाशन मितिः २०८३/०२/०४

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सोउपर संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

१. **कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- मेलमिलापको लागि नियुक्त हुने मेलमिलापकर्ताको सङ्ख्या सम्बन्धी व्यवस्था सरलीकृत गरी मेलमिलाप प्रक्रियालाई सहज बनाउन,
- वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद मेलमिलापबाट समाधान गर्ने व्यवस्था मिलाउन मेलमिलाप प्रवर्द्धन समिति गठन गर्न,
- मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा तथा जिल्लास्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणको लागि प्रत्येक प्रदेशमा प्रदेश मेलमिलाप समन्वय समिति र प्रत्येक जिल्लामा जिल्ला मेलमिलाप समन्वय समिति गठन गर्न,
- सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्न।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- मेलमिलाप सम्बन्धी सरलीकृत व्यवस्थाको माध्यमबाट छिटो, छरितो, सहज तथा प्रभावकारी प्रक्रियाबाट विवाद समाधान हुने,
- विवाद समाधानको प्रक्रियालाई कम खर्चिलो बनाई न्यायमा सर्वसाधारणको पहुँच वृद्धि भई सर्वसाधारणको हित र सुविधा कायम हुने।

३. **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम मेलमिलाप परिषद्मा हाल कार्यरत जनशक्तिबाटै परिषद्को कर्मचारी व्यवस्थापन गर्ने व्यवस्था भएको।

४. **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- मेलमिलाप सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं. १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्न, सबैका लागि न्यायमा पहुँच प्रदान गर्न तथा सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्न सहयोग पुग्ने।

५. **विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- नेपालको सङ्घीय शासन प्रणाली बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणको लागि प्रत्येक प्रदेशमा प्रदेश मेलमिलाप समन्वय समिति र प्रत्येक



नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

जिल्लामा जिल्ला मेलमिलाप समन्वय समिति गठन भई तीनवटै तहको प्रभावकारी भूमिका निर्धारण हुने,

- सामुदायमा आधारित विवाद समाधान गर्नको लागि तयार गरिने समूहमा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजाति समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तयार हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषय:**

- विधेयकमा देहाय बमोजिमका विषयसमेत समावेश रहेको:-
    - ➢ नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्तो सरकार वा तहको निकायबाट सञ्चालन गरिएको विकास आयोजना सम्बन्धी दुई पक्षीय वा बहुपक्षीय विवाद यस ऐन बमोजिम मेलमिलापबाट समाधान गर्न सकिने,
    - ➢ मुद्दा हेर्ने निकायमा दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षहरुलाई मुद्दाको अन्तिम निरुपणको लागि लाग्ने अनुमानित समयावधि, अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापका फाइदाको विषयमा परामर्श छलफल गर्नु पर्ने,
    - ➢ सम्झौतामा मेलमिलापकर्ताको संख्या तोकिएको वा पक्षहरुले एकभन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सहमत भएकोमा सोही बमोजिम र त्यस्तो संख्या नतोकिएको वा सहमति नभएकोमा एकजना मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया सञ्चालन गरिने,
    - ➢ मेलमिलापकर्ताको विद्यमान योग्यता अनुसार सबै स्थानीय तहमा स्नातक उपाधि हासिल गरी मेलमिलापकर्ताको रुपमा काम गर्ने व्यक्ति उपलब्ध नहुन सक्ने अवस्था भएकोले आवश्यकताको सिद्धान्तको आधारमा स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको रूपमा काम गर्न सक्ने व्यवस्था गर्ने,
    - ➢ मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरणको कार्य परिषदबाट निर्धारित मापदण्ड पालना गरी श्रव्य- दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत गराउन सक्ने,
    - ➢ विदेशमा भएको मेलमिलापको लिखतलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो सन्धिको पक्ष भएको विदेशी मुलुकको इलाकामा यो दफा प्रारम्भ भएपछि भएको मेलमिलापको लिखतलाई त्यस्तो सन्धिको व्यवस्था तथा तत् सम्बन्धी शर्तहरुको अधीनमा रही देहायको अवस्थामा मान्यता दिई नेपालमा कार्यान्वयन हुने,
    - ➢ मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन सकिने वा उपयुक्त हुने देखेमा त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउन सक्ने।



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेलमिलाप सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ मा संशोधन : मेलमिलाप सम्बन्धी ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मुद्दा हेर्ने निकाय" भन्नाले अदालत सम्झनु पर्छ र सो शब्दले अर्धन्यायिक निकाय वा न्यायिक समितिलाई समेत जनाउँछ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (२) मा रहेका "प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएका छन्:-

"(४क) मुद्दा हेर्ने निकायमा दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षहरूलाई मुद्दाको अन्तिम निरुपणको लागि लाग्ने अनुमानित समयावधि, अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापका फाइदाको विषयमा परामर्श छलफल गर्नु पर्नेछ।

(४ख) उपदफा (४क) बमोजिम छलफल गर्दा मुद्दाका पक्षले मेलमिलाप गर्न चाहेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरुपण गर्ने आदेश दिनेछ ।"

(३) उपदफा (५) मा रहेका "उपदफा (३) र (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) र (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. मेलमिलापकर्ताको सङ्ख्या : (१) सम्झौतामा मेलमिलापकर्ताको सङ्ख्या तोकिएको वा पक्षहरूले एक जना भन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सहमत भएकोमा सोही बमोजिम र त्यस्तो सङ्ख्या नतोकिएको वा सहमति नभएकोमा एकजना मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया सञ्चालन गरिनेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम एकजना भन्दा बढी मेलमिलापकर्ता नियुक्त भएकोमा मेलमिलापकर्ताहरूले आफूमध्येबाट एक जनालाई संयोजक तोक्नु पर्नेछ।"

५. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "नियमावली वा" भन्ने शब्दहरू झिकिएका छन्।

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल ऐनमा दफा ८क. थप</u> : मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. <u>मेलमिलापकर्ताको रुपमा काम गर्न सक्ने</u> : (१) पाँचजना वा सो भन्दा बढी न्यायाधीश कार्यरत रहेको जिल्ला अदालतका जिल्ला न्यायाधीशहरू मध्येबाट प्रधान न्यायाधीशले तोकेको न्यायाधीशले यस ऐन बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने त्यस्तो अदालतमा दायर भएका मुद्दामा मेलमिलापकर्ताको रुपमा समेत काम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलापकर्ताको रुपमा काम गर्न तोकिने न्यायाधीशले मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मेलमिलापकर्ताको रुपमा काम गरेको न्यायाधीशले आफू मेलमिलापकर्ताको रुपमा काम गरेको मुद्दामा मेलमिलाप वा मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दाको सुनुवाई, कारबाही र किनारामा संलग्न हुन सक्ने छैन।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम मेलमिलापकर्ताको रुपमा काम गरेको न्यायाधीशले पक्षबाट पारिश्रमिक वा अन्य कुनै नाममा नगद वा जिन्सी लिन पाउने छैन।"

८. <u>मूल ऐनको दफा १२ मा संशोधन</u> : मूल ऐनको दफा १२ को,-

(१) खण्ड (घ) मा रहेका "आर्थिक लेनदेन" भन्ने शब्दहरूको सट्टा "दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य आर्थिक लेनदेन" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "लेनदेन व्यवहार" भन्ने शब्दहरूको सट्टा "दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य लेनदेन व्यवहार" भन्ने शब्दहरू राखिएका छन्।

९. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

१०. <u>मूल ऐनको दफा १५ मा संशोधन</u> : मूल ऐनको दफा १५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-



नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

"(२) मेलमिलाप सम्बन्धी कार्य गर्ने कुनै संस्थाले बनाएको कार्यविधि बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा पक्षहरूबीच सहमति भएकोमा त्यस्तो कार्यविधि बमोजिम विवादको समाधान गरिनेछ ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।

११. **मूल ऐनको दफा १६ मा संशोधन**: मूल ऐनको दफा १६ को,–

(१) उपदफा (१) मा रहेका "विवादको मेलमिलाप गर्न सहमत भएमा" भन्ने शब्दहरूको सट्टा "विवाद समाधान गर्न सहमत भएमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) मा रहेका "उपदफा (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू र "मेलमिलापको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (५) मा रहेका "मिलापत्रको लिखत" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (६क) मा रहेका "फिर्ता गर्नेछ" भन्ने शब्दहरू पछि "र त्यस्तो मिलापत्र कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर लाग्ने छैन" भन्ने शब्दहरू थपिएका छन्।

१२. **मूल ऐनको दफा १७ मा संशोधन**: मूल ऐनको दफा १७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) मेलमिलापबाट विवाद समाधान गर्न पक्षहरू मञ्जुर भई मेलमिलापको लिखत खडा भएमा।"

१३. **मूल ऐनको दफा १८ मा संशोधन**: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) मा रहेका "उपदफा (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "मिलापत्रको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

१४. **मूल ऐनको दफा २१ मा संशोधन**: मूल ऐनको दफा २१ को,-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको दस्तुर लिई तोकिएको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र जारी भएको मितिले पाँच वर्षको लागि मान्य हुनेछ र तोकिए बमोजिमको नवीकरण दस्तुर बुझाई तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) परिषद्ले प्रमाणपत्र नवीकरणको काम परिषद्को सचिवालय र मेलमिलाप अनुगमन समितिबाट हुने गरी व्यवस्था मिलाउनेछ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) मेलमिलापकर्ताले दफा १२ को खण्ड (घ), (ङ), (च) वा (छ) विपरीत कुनै कार्य गरेमा वा निजको दफा २२ बमोजिमको योग्यता नरहेमा वा निजले कार्य सम्पादन गर्दा जालसाजपूर्ण वा किर्ते कार्य गरेमा परिषद्ले तोकिएको कार्यविधि पूरा गरी मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्नेछ।"

१५. <u>मूल ऐनको दफा २२ मा संशोधन</u>: मूल ऐनको दफा २२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको रुपमा काम गर्न बाधा पर्ने छैन।"

१६. <u>मूल ऐनको दफा २३ मा संशोधन</u>: मूल ऐनको दफा २३ को उपदफा १ को खण्ड (ग) र उपदफा (२) मा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।

१७. <u>मूल ऐनको दफा २४ मा संशोधन</u>: मूल ऐनको दफा २४ को उपदफा (३) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।

१८. <u>मूल ऐनको दफा २५ मा संशोधन</u>: मूल ऐनको दफा २५ को दफा शीर्षक र ठाउँ ठाउँमा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।

१९. <u>मूल ऐनको दफा २६ मा संशोधन</u>: मूल ऐनको दफा २६ को उपदफा (१) को,-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य"

(२) खण्ड (ग) मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खण्ड (च), (छ) र (ज) बमोजिमको सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।"

२०. <u>मूल ऐनको दफा २७ मा संशोधन</u>ः मूल ऐनको दफा २७ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) मेलमिलाप सम्बन्धी आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने,"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) स्थानीय तह वा समुदायस्तरमा हुने मेलमिलापको लागि कानूनी तथा संस्थागत संरचना तयार गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने,"

(३) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन्ः-

"(च१) प्रदेश तथा स्थानीय तहबाट मेलमिलापको कार्यलाई प्रवर्द्धन गर्न उपलब्ध गराउनु पर्ने सहयोगको सम्बन्धमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने,

(च२) मेलमिलाप सम्बन्धी अनुगमन तथा मेलमिलापको प्रवर्द्धन र प्रभावकारिता अभिवृद्धिको लागि आवश्यकता अनुसार समिति गठन गरी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,"

२१. <u>मूल ऐनको दफा २८ मा संशोधन</u>ः मूल ऐनको दफा २८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को अध्यक्ष नतोकिएको अवस्थामा परिषद्को सदस्य-सचिवले सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोक्न सक्नेछ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले गर्नेछ।"

२२. <u>मूल ऐनमा दफा २८क., २८ख. र २८ग. थप</u> : मूल ऐनको दफा २८ पछि देहायका दफा २८क., २८ख. र २८ग. थपिएका छन्:-

"२८क. <u>वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति</u> : (१) वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद मेलमिलापबाट समाधान गर्न गराउन तथा वाणिज्य क्षेत्रमा मेलमिलाप प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | परिषदका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको सदस्य | -संयोजक |
| (ख) | नेपाल बैङ्कर्स संघको अध्यक्ष | -सदस्य |
| (ग) | नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष | -सदस्य |
| (घ) | नेपाल चेम्बर अफ कमर्सको अध्यक्ष | -सदस्य |
| (ङ) | नेपाल उद्योग परिसंघको अध्यक्ष | -सदस्य |
| (च) | उत्पादन, निर्माण तथा वितरणका क्षेत्रका व्यावसायिक संघ महासंघहरूको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत दुईजना | -सदस्य |
| (छ) | परिषद्को सदस्य-सचिव | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२८ख. <u>प्रदेश मेलमिलाप समन्वय समिति</u> : (१) मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश मेलमिलाप समन्वय समिति रहनेछ :-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश -संयोजक

(ख) सम्बन्धित प्रदेशको कानून विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ग) सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता -सदस्य

(घ) सम्बन्धित उच्च अदालत रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक -सदस्य

(ङ) सम्बन्धित उच्च अदालत बार एकाइको अध्यक्ष -सदस्य

(च) प्रदेशभित्र मेलमिलापको क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट प्रदेश मेलमिलाप समन्वय समितिले मनोनयन गरेको संस्थाको एकजना महिला प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित उच्च अदालतको रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(५) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा प्रदेश मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२८ग. <u>प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> : दफा २८ख. बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) विवादको निरुपण मेलमिलापद्वारा गर्न प्रोत्साहनको लागि प्रदेशस्तरमा कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ख) प्रदेशभित्र सञ्चालन भएका मेलमिलाप सम्बन्धी कार्यक्रम तथा कामको अनुगमन गर्ने गराउने,

(ग) न्यायिक समिति, मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्था तथा मेलमिलापकर्ताबीचमा समन्वय गर्ने,

(घ) प्रदेशमा भएका मेलमिलाप सम्बन्धी कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष भदौ पन्ध्र गतेभित्र परिषद्मा पठाउने,

(ङ) मेलमिलाप सम्बन्धमा परिषद्ले तोकेका अन्य काम गर्ने गराउने।"

२३. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. जिल्ला मेलमिलाप समन्वय समिति : (१) मेलमिलाप सम्बन्धी कामकारबाहीको जिल्लास्तरमा समन्वय, सहयोग तथा सहजीकरण गरी मेलमिलाप सम्बन्धी काम कारबाहीमा एकरुपता ल्याउन तथा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला मेलमिलाप समन्वय समिति रहनेछः-

(क) जिल्ला न्यायाधीश -संयोजक

(ख) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक -सदस्य

(ग) जिल्ला न्यायाधिवक्ता -सदस्य

(घ) जिल्ला न्यायाधीशले तोकेको जिल्लास्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एकजना -सदस्य

(ङ) सचिव, जिल्ला बार एकाई -सदस्य

(च) सम्बन्धित जिल्लास्थित मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था वा सूचीकृत मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी जिल्ला मेलमिलाप समन्वय समितिबाट मनोनीत एकजना महिला -सदस्य

(छ) श्रेस्तेदार, जिल्ला अदालत -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा जिल्ला मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको जिल्ला मेलमिलाप समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

२४. <u>मूल ऐनको दफा ३० मा संशोधन</u> : मूल ऐनको दफा ३० को उपदफा (३) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

२५. <u>मूल ऐनको दफा ३३ मा संशोधन</u> : मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (३) मा रहेको "समूहमा" भन्ने शब्दपछि "मेलमिलापकर्ताको तालीम लिएका" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (२) बमोजिमको समूह तयार गर्दा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजाति समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तयार गर्नु पर्नेछ।"

(३) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :-

"(५) उपदफा (२) बमोजिम तयार भएको मेलमिलापकर्ताको समूहमा रहेका मेलमिलापकर्तालाई सम्बन्धित स्थानीय तहले मेलमिलापकर्ताको परिचयपत्र उपलब्ध गराउनेछ।

(६) उपदफा (५) बमोजिम मेलमिलापकर्तालाई दिने परिचयपत्रको ढाँचा तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (२) र (३) मा लेखिएको कुनै कुराले मेलमिलापकर्ताको समूहमा नपरेको व्यक्तिलाई विवादको पक्षले मेलमिलापकर्ताको रुपमा राख्न चाहेमा त्यस्तो व्यक्तिलाई त्यस्तो विवादमा मेलमिलापकर्ताको रुपमा नियुक्त गर्न बाधा पर्ने छैन।"

२६. <u>मूल ऐनको दफा ३४ मा संशोधन</u> : मूल ऐनको दफा ३४ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा त्यसरी विवाद समाधान गरिएको परिणाम लिखित रुपमा तयार गरी त्यसको एक प्रति स्थानीय तहको मेलमिलाप केन्द्र वा त्यस्तो केन्द्र नभएको अवस्थामा सम्बन्धित वडा समितिको कार्यालयमा अभिलेख राख्नको लागि पठाउनु पर्नेछ।"

(२) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) उपदफा (६) बमोजिम मेलमिलापको लिखत अभिलेखको लागि प्राप्त भएमा सम्बन्धित मेलमिलाप केन्द्र वा वडा समितिको कार्यालयले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नु पर्नेछ।"

२७. <u>मूल ऐनमा दफा ३४क. र ३४ख.थप</u> : मूल ऐनको दफा ३४ पछि देहायका दफा ३४क. र ३४ख. थपिएका छन्:-

"३४क. <u>सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्न सक्ने</u> : (१) सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्न सक्नेछ।

(२) न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिम वडा स्तरमा मेलमिलाप केन्द्र गठन गरेको भए उपदफा (१) बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रको काम समेत त्यस्तो मेलमिलाप केन्द्रबाट हुने गरी एकीकृत र समन्वयात्मक रुपमा मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

(३) सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

३४ख. <u>सामुदायिक मेलमिलाप केन्द्रको कोष रहने</u> : (१) दफा ३४क. बमोजिम स्थापित सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनको लागि एक सामुदायिक मेलमिलाप कोष रहन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,

(ख) स्थानीय तहबाट प्राप्त रकम,

(ग) कुनै संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकमको प्रयोग सामुदायिक मेलमिलाप केन्द्रको काम बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको कोषको आय व्ययको लेखा सम्बन्धित सामुदायिक मेलमिलाप केन्द्रले राख्नु पर्नेछ।



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(६) स्थानीय तहले जुनसुकै बखत सामुदायिक मेलमिलाप केन्द्रको कोषको आय व्ययको हिसाब जाँच तथा अनुगमन गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।"

२८. <u>मूल ऐनको दफा ३५ मा संशोधन</u> : मूल ऐनको दफा ३५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई तथा दफा ३४क. बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ।"

२९. <u>मूल ऐनमा दफा ३६क. थप</u> : मूल ऐनको दफा ३६ पछि देहायको दफा ३६क. थपिएको छ:-

"३६क. <u>श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत छलफल गराउन सकिने</u> : मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरणको कार्य परिषद्बाट निर्धारित मापदण्ड पालना गरी श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत गराउन सक्नेछ।"

३०. <u>मूल ऐनको दफा ४० मा संशोधन</u> : मूल ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छ:-

"४०. <u>मेलमिलापको लिखत वा मिलापत्रको कार्यान्वयन</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विवाद समाधानका लागि मेलमिलापको लिखत खडा भएमा वा मिलापत्र भएमा त्यसरी मेलमिलापको लिखत खडा भएको वा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र अदालतको फैसला सरह कार्यान्वयन गरिदिनु पर्नेछ ।"

३१. <u>मूल ऐनमा दफा ४१क. र ४१ख. थप</u> : मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन् :-



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

"४१क. <u>विदेशमा भएको मेलमिलापको कार्यान्वयन हुने</u> : (१) विदेशमा भएको मेलमिलापको लिखतलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो सन्धिको पक्ष भएको विदेशी मुलुकको इलाकामा यो दफा प्रारम्भ भएपछि भएको मेलमिलापको लिखतलाई त्यस्तो सन्धिको व्यवस्था तथा तत् सम्बन्धी शर्तहरूको अधीनमा रही देहायको अवस्थामा मान्यता दिई नेपालमा कार्यान्वयन हुनेछ :-

(क) सम्बन्धित मुलुकको कानून तथा कार्यविधि बमोजिम मेलमिलाप भई मेलमिलापको लिखत भएको,

(ख) जुन मुलुकमा मेलमिलाप भई मेलमिलापको लिखत खडा भएको हो सो मुलुकको कानून बमोजिम अन्तिम र बन्धनकारी भइसकेको,

(ग) जुन व्यक्तिले मेलमिलापको लिखत कार्यान्वयन गराउन निवेदन दिएको हो सो व्यक्तिको मुलुकको कानूनमा वा मेलमिलाप भएको स्थानको मुलुकको कानूनमा नेपालमा भएको मेलमिलापको लिखत कार्यान्वयन हुन सक्ने कानूनी व्यवस्था भएको,

(घ) मेलमिलापको लिखत तयार भएको मितिले नब्बे दिनभित्र मेलमिलापको लिखत कार्यान्वयनका लागि निवेदन परेको ।

(२) विदेशमा भएको मेलमिलाप नेपालमा कार्यान्वयन गराउन चाहने पक्षले देहायका कागजात संलग्न गरी सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ :-

(क) मेलमिलापबाट गरिएको मेलमिलापको लिखतको सक्कल वा त्यसको प्रमाणित प्रति,

(ख) मेलमिलापको लिखत नेपाली भाषामा रहेनछ भने सोको नेपाली भाषामा गरिएको औपचारिक अनुवादको प्रमाणित प्रति।

(३) उपदफा (२) बमोजिम परेको कुनै निवेदनमा उपदफा (१) मा उल्लिखित शर्तहरू पूरा भएको छ भन्ने कुरामा सम्बन्धित जिल्ला अदालत सन्तुष्ट भएमा त्यस्तो निर्णय कार्यान्वयन गर्न आदेश दिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विदेशमा भएको मेलमिलाप कार्यान्वयन हुने छैनः-

(क) जुन विवादमा मेलमिलाप गरिएको हो सो विवाद नेपाल कानून बमोजिम मेलमिलापबाट समाधान हुन नसक्ने प्रकृतिको भएमा,

(ख) मेलमिलाप कार्यान्वयन गर्दा सार्वजनिक नीति विरुद्ध हुने भएमा।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

४१ख. <u>हदम्यादमा गणना नहुने</u> : प्रचलित कानून बमोजिम मुद्दा हेर्ने निकायमा मुद्दा दायर हुन सक्ने हदम्याद बाँकी छँदै यस ऐन बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ भई मेलमिलाप हुन नसकेको अवस्थामा त्यसरी मेलमिलापको प्रक्रियामा लागेको अधिकतम तीन महिनासम्मको समयावधिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकायमा मुद्दा दायर गर्ने प्रयोजनको लागि हदम्यादको अवधिमा गणना गरिने छैन।"

३२. <u>मूल ऐनको दफा ४६ मा संशोधन</u> : मूल ऐनको दफा ४६ को सट्टा देहायको दफा ४६ राखिएको छः-

"४६. <u>स्थानीय तहमा मेलमिलापको लागि मुद्दा पठाउन सक्ने</u> : (१) मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन सकिने वा उपयुक्त हुने देखेमा त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलापको लागि प्राप्त भएको मुद्दामा स्थानीय तहको न्यायिक समितिले प्राप्त भएको मितिले तीन महिनाभित्र मुद्दाका पक्षहरूबीच मेलमिलाप गराई सोको जानकारी मुद्दा हेर्ने निकायलाई गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र मेलमिलाप हुन नसकेमा त्यस्तो व्यहोरा जनाई सम्बन्धित पक्षलाई जानकारी दिई सो मुद्दा सम्बन्धी मिसिल तथा कागजात मुद्दा हेर्ने निकायमा फिर्ता पठाउनु पर्नेछ र त्यसरी फिर्ता आएकोमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नेछ।"

३३. <u>मूल ऐनमा दफा ४९ थप</u> : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४९ थपिएको छः-

"४९. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u> : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"



नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं